# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४२ | अंक ८ | नेपाल राष्ट्र बैंक समाचार | वैशाख २०७५ | अप्रिल-मे २०१८

# विकासका लागि सकारात्मक सोच आवश्यक

## गभर्नर डा. नेपालद्वारा लमजुङ उद्योग वाणिज्य संघको कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले मुलुकको विकासको लागि नागरिकहरूमा सकारात्मक सोच आवश्यक रहेको बताउनु भएको छ । लमजुङ उद्योग वाणिज्य संघले चैत १७ गते लमजुङ जिल्लाको बेशीशहरमा आयोजना गरेको "संघीय संरचनामा व्यवसाय प्रवर्द्धन, वित्तीय लगानी र वित्तीय संस्थाको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले उक्त कुरा बताउनु भएको हो ।




"मुलुकमा उत्पादन क्षमता नबढेकोले आयात बढ्दो छ । मुलुकभित्र आयात प्रतिस्थापन गर्ने खालका वस्तुहरू उत्पादन गर्ने उद्योगहरूमा लगानी बढाउने पर्याप्त अवसर पनि छ ।" उहाँले भन्नुभयो । आयात प्रतिस्थापन गर्न सहयोग पुऱ्याउने खालका उद्योग व्यवसाय सञ्चालन गरी उत्पादन एवम् रोजगारी सिर्जना गर्न उद्योगी, व्यवसायी र जनताले प्रयास गर्नु पर्नेमा उहाँले जोड दिनुभयो ।

बैंक तथा वित्तीय संस्थाहरूको पहुँच ग्रामीण क्षेत्रसम्म पुग्नु पर्ने आवश्यकता औंल्याउँदै उहाँले मौद्रिक नीति मार्फत ल्याइएको कृषि कर्जामा प्रदान गरिएका विभिन्न सुविधा र पुनरकर्जा लगायतका सुविधा पनि पर्याप्त मात्रामा उपयोग हुन नसकेको बताउनु भयो ।

कृषिजन्य वस्तुहरूको उत्पादन क्षमता र सम्भावना प्रचुर हुँदा हुँदै पनि कृषिको आधुनिकीकरण, उच्च प्रविधि र प्राविधिक पक्षको विकास गर्न नसक्नु दुर्भाग्यपूर्ण रहेको धारणा व्यक्त गर्दै उहाँले कृषि क्षेत्रमा आउँदा दिनमा बढी ध्यान दिनु पर्नेमा जोड दिनुभयो ।

उत्पादनमूलक व्यवसायमा प्राथमिकताका साथ लगानी गरेर देशको आर्थिक अवस्था उकास्न हरतरहले पहल गर्नु पर्ने कुरामा जोड दिँदै उहाँले नेपालमा लगानीका लागि प्रचुर मात्रामा सम्भावना रहेकोले

बाँकी २ पेजमा

# अर्थसचिव डा. खनालद्वारा सञ्चालकको शपथ ग्रहण

सर्वोच्च अदालतका सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश दीपकराज जोशी समक्ष नेपाल सरकारका अर्थसचिव डा. राजन खनालले चैत २८ गते नेपाल राष्ट्र बैंकको सञ्चालक पदको पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।



काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिकामा जन्मनु भएका डा. खनालले नेपाल संस्कृत विश्वविद्यालयबाट नेपालको कर नीति (Taxation Policy of Nepal) विषयमा विद्यावारिधि गर्नु भएको छ । साथै, उहाँले त्रिभुवन विश्वविद्यालयको मानविकी तथा समाजशास्त्र संकायतर्फ स्नातकोत्तर तह उतीर्ण गर्नु भएको छ ।

सन् १९९३ देखि निजामति सेवा आरम्भ गर्नु भएका डा. खनालले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागहरूको उच्च तहमा रही कार्यानुभव हासिल गर्नु भएको छ ।

समाचार सञ्चालक डा. खनालको कार्यकालको पूर्ण सफलताको कामना गर्दछ ।

# चुस्त आन्तरिक नियन्त्रण प्रणाली संस्थागत सुशासनको प्रमुख आधार

## आन्तरिक लेखापरीक्षण विभागको समीक्षा गोष्ठी सम्पन्न

नेपाल राष्ट्र बैंक, लेखापरीक्षण समितिको प्रतिवेदनमा उल्लिखित कैफियतहरू तथा सिस्टम अडिटले औंल्याएका जोखिमका सम्बन्धमा समीक्षा गर्न आन्तरिक लेखापरीक्षण विभागले चैत १६ गते काठमाडौंमा बैंकका उच्च व्यवस्थापन र विभागीय तथा कार्यालय प्रमुखहरूबीच समीक्षा गोष्ठी आयोजना गऱ्यो ।

गोष्ठीको उद्घाटन गभर्नर डा. चिरंजीबि नेपालले गर्नुभयो । गोष्ठीमा गभर्नर डा. नेपालले चुस्त आन्तरिक नियन्त्रण प्रणाली संस्थागत सुशासनको प्रमुख आधार भएकोले आन्तरिक लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहने धारणा व्यक्त गर्नुभयो ।

उहाँले आन्तरिक लेखापरीक्षणले सञ्चालन कार्यकुशलता बढाई सम्बन्धित विभाग तथा कार्यालयलाई जोखिम व्यवस्थापनमा जिम्मेवार बनाउने र बैंकका सम्पूर्ण क्रियाकलापहरू मितव्ययिता, नियमितता, औचित्यता र उपयुक्तताको आधारमा सञ्चालित भए/नभएको सम्बन्धमा सञ्चालक समितिलाई आश्वस्त बनाउने भएकोले आन्तरिक लेखापरीक्षणले निष्पक्ष धारणा दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

गभर्नर डा. नेपालले गोष्ठीमा उठेका हरेक सवाललाई गम्भीर रुपमा लिन तथा वार्षिक बजेट तर्जुमा गर्दा पर्याप्त गृहकार्य र छलफल गरेर यथार्थपरक र गर्न सकिने कार्यक्रम मात्र प्रस्ताव गर्न समेत विभागीय/कार्यालय प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

उद्घाटन पश्चात् गोष्ठी दुई सत्रमा विभाजन गरी सञ्चालन गरिएको थियो । गोष्ठीको दोस्रो सत्रको अध्यक्षता डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले गर्नु भएको थियो । सत्रको अन्त्यमा मन्तव्य व्यक्त गर्दै उहाँले System Audit ले उठाएका कतिपय कैफियतहरू गम्भीर प्रकृतिको रहेको बताउँदै यस्ता कैफियतहरू नीतिगत परिवर्तन मार्फत सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो ।

पहिलो सत्रको अध्यक्षता डेपुटी गभर्नर शिवराज श्रेष्ठले गर्नुभएको थियो । सो अवसरमा उहाँले आन्तरिक लेखापरीक्षण विभागले Third Eye को रुपमा कार्य गरेर Decision Making Process मा उच्च व्यवस्थापनलाई सहयोग गरिरहेको बताउनु भएको थियो ।

गोष्ठीको समापन समारोहलाई सम्बोधन गर्दै बैंकका सञ्चालक तथा लेखापरीक्षण समितिका संयोजक रामजी रेग्मीले System Audit ले औंल्याएका कतिपय कैफियतहरूको सुधार भएको पाइएकोमा खुशी व्यक्त गर्दै लेखापरीक्षणका विभिन्न आयामको बारेमा चर्चा गर्नुभएको थियो ।

दोस्रो सत्रमा आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नीलम तिम्सिनाले लेखापरीक्षण समितिको वार्षिक प्रतिवेदनमा उल्लेखित प्रमुख कैफियतहरूका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा उहाँले कमी कमजोरीको प्रस्तुति तितो हुने भए पनि कसै प्रति लक्षित नरही समग्रमा संस्थाको सुधार तथा सुशासन कायम गर्न तथा स्वनियमन प्रवर्द्धन गर्ने तर्फ उन्मुख रहेको धारणा राख्नुभएको थियो । साथै, उहाँले समूहगत छलफलका क्रममा उठेका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

गोष्ठीको पहिलो सत्रमा System Audit प्रतिवेदनमा उल्लेखित विषयमा Rigo Technologies Pvt. Ltd. का तर्फबाट विज्ञ मुकुन्द पोखरेलले वार्ता प्रस्तुत गर्नुभएको थियो । त्यस क्रममा उहाँले समग्रमा बैंकको सूचना प्रविधि प्रणालीको सवल तथा दुर्वल पक्षहरूका बारेमा जानकारी दिनुका साथै आगामी दिनमा सूचना प्रविधि प्रणालीलाई थप व्यवस्थित गर्न Succession plan तथा Business continuity plan को तर्जुमा तथा Data Center लाई थप सुरक्षित बनाउनु पर्नेमा जोड दिनुभएको थियो ।

सोही कम्पनीका अर्का वार्ताकार विजय लिम्बुले System Security को हालको अवस्थाका बारेमा जानकारी दिंदै बैंक समग्र बैंकिङ प्रणालीको नियामक निकाय समेत भएकोले Role Model को रुपमा भूमिका निर्वाह गर्न थप गम्भीर हुनु पर्ने बताउनुका साथै उहाँले बैंकको छवि तथा बैकको सुरक्षाको लागि Transaction Audit तथा Application Audit गर्न सुझाव समेत दिनुभएको थियो ।

गोष्ठीमा बैंकको उच्च व्यवस्थापनका साथै सम्पूर्ण विभाग तथा कार्यालय प्रमुखहरूको सहभागिता रहेको थियो । आन्तरिक लेखापरीक्षण विभागका कायम मुकायम निर्देशक रोशनकुमार सिग्देलले स्वागत मन्तव्य व्यक्त गर्दै उद्देश्य माथि प्रकाश पार्नुभएको सो गोष्ठीको सञ्चालन सोही विभागका उप-निर्देशक राजेन्द्रप्रसाद रिमालले गर्नुभएको थियो ।

१ पेजको बाँकी

## विकासका लागि...

त्यस्ता अवसरहरूको सदुपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तीहरूमा बैंकिङ सेवा विस्तार गरी लगानीको दायरा बढाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

मुलुकमा प्रादेशिक र स्थानीय तहका सरकार निर्माण भइसकेको सन्दर्भ उल्लेख गर्दै उहाँले हरेक व्यावसायिक क्रियाकलापमा स्थानीय जनता नै सक्रिय भएर उद्यमशीलताको विकासका लागि अग्रसर भएमा देश र स्थानीय क्षेत्रको विकास हुने बताउनु भयो ।

कार्यक्रममा सभासद्हरू, नगरपालिकाका प्रमुखहरू, समाजसेवीहरू, बुद्धिजीवीहरू, उद्योगी व्यवसायीहरू, उद्योग वाणिज्य संघका पदाधिकारीहरू, पर्यटन व्यवसायीहरूका साथै बैंक तथा वित्तीय संस्थाका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# गभर्नर डा. नेपालद्वारा सिभिल बैंकको बेशीशहर शाखा उद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले चैत १७ गते एक समारोहका बीच सिभिल बैंक लिमिटेडको बेशीशहर शाखा कार्यालयको उद्घाटन गर्नुभयो ।

उक्त समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले मुलुकको कुल जनसंख्याको करिब ४० प्रतिशत जनतासम्म मात्र बैंकिङ सेवाको पहुँच पुगेको अवस्थामा बैंकको शाखा विस्तारबाट बैंकिङ पहुँचमा थप वृद्धि ल्याउन सहयोग पुग्ने बताउनु भयो । "गाउँघरको दैलोमा बैंक तथा वित्तीय संस्था आउनु भनेको आर्थिक क्रियाकलापमा वित्तीय स्रोतको आपूर्ति वृद्धि हुनु हो" गभर्नर डा. नेपालले भन्नुभयो । बैंकको उपस्थितिले अवसर नै अवसर ल्याउने भएकोले त्यस्ता अवसरहरूको सदुपयोग हरेक व्यक्तिले गर्नु पर्नेमा जोड दिँदै उहाँले ग्रामीण क्षेत्रमा उपलब्ध उत्पादनका अवसरलाई प्रोत्साहन गर्न शाखा विस्तारले सहयोग पुऱ्याउने धारणा व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय सस्थाहरूको उपस्थितिले अनुत्पादक क्षेत्रमा लगानी गर्ने परम्परालाई निरुत्साहित गरी उत्पादनशील क्षेत्रमा कर्जा बढाउन र बचत गर्ने बानी विकास गर्न मद्दत पुग्ने धारणा राख्दै उहाँले कर्जा लिई विदेश जानुभन्दा स्वदेशमा नै उद्यमशीलता विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी बढाउन जरूरी भएको बताउनु भयो ।

देशमा कृषि, पर्यटन, ऊर्जा, घरेलु तथा साना उद्योग लगायतका राम्रा सम्भाव्यता हुँदाहुँदै पनि यस्ता क्षेत्रको विकास हुन नसकेकोमा दु:ख व्यक्त गर्दै उहाँले बैंक तथा वित्तीय संस्थाहरूबाट सहज रूपमा प्राप्त हुने कर्जामार्फत आउँदा दिनमा यस क्षेत्रको आर्थिक उन्नति सम्भव रहेको विचार व्यक्त गर्नुभयो ।

सर्वसाधारणको निक्षेपको सुरक्षामा विशेष ध्यान दिन बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिँदै गभर्नर डा. नेपालले बैंकिङ कारोबार अनुशासित र मितव्ययी बनाउन सञ्चालक, शेयरधनी तथा कर्मचारीहरू सबैले संस्थागत सुशासनतर्फ विशेष ध्यान दिनु पर्नेमा जोड दिनुभयो । साथै, गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा लगानी गर्दा सावधानी अपनाउन पनि सुझाव दिनुभयो ।

समारोहमा बैंकका सञ्चालक, व्यवस्थापकहरू, स्थानीय उद्योगी, व्यवसायी तथा बैंकरहरूको सहभागिता रहेको थियो ।

## बढुवा

कायम मुकायम कार्यकारी निर्देशकहरू वित्त कम्पनी सुपरिवेक्षण विभागका देवकुमार ढकाल, सामान्य सेवा विभागका मुकुन्दकुमार क्षेत्री, वित्त व्यवस्थापन विभागका हरिशरण के.सी. र संस्थागत योजना विभागका पिताम्बर भण्डारीको कार्यकारी निर्देशक पदमा बढुवा भएको छ ।

कायम मुकायम निर्देशकहरू वित्त व्यवस्थापन विभागका प्रल्हाद थापा, विदेशी विनिमय व्यवस्थापन विभागका चेतप्रसाद उप्रेती, विकास बैंक सुपरिवेक्षण विभागका बलराम पौडेल, वित्त कम्पनी सुपरिवेक्षण विभागका ईश्वरीप्रसाद न्यौपाने, आन्तरिक लेखापरीक्षण विभागका रोशनकुमार सिग्देल, जनशक्ति व्यवस्थापन विभागका केशव थापा तथा उपनिर्देशकहरू विराटनगर कार्यालय (काज: अर्थमन्त्रालय) का डा. रामशरण खरेल र अनुसन्धान विभागका डा. डिल्लीराम पोखेलको निर्देशक पदमा बढुवा भएको छ ।

वरिष्ठ चालकहरू सामान्य सेवा विभागका कालु तामाङ र राजकुमार भेटवाल तथा सिद्धार्थनगर कार्यालयका सोहनलाल चौधरी उपप्रधान चालक पदमा बढुवा भएको छ ।

कार्यालय सहयोगी तृतीयहरू वीरगञ्ज कार्यालयका मिलनकुमार लामा, बैंक तथा वित्तीय संस्था नियमन विभागका दुर्गादेवी पाण्डे र निर्मला अधिकारी, बैंकिङ कार्यालयका उर्मिला खनाल ढकाल, सामान्य सेवा विभागका रामगोपाल महर्जन, गभर्नरको कार्यालयका लेखनाथ पाण्डे तथा मुद्रा व्यवस्थापन विभागका राज सिलवाल कार्यालय सहयोगी द्वितीय पदमा बढुवा भएको छ ।

उहाँहरू सबैलाई समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

## सरुवा तथा कायम मुकायम मुकर्रर

उपनिर्देशकहरु बैंक सुपरिवेक्षण विभागका सुष्मा रेग्मीको राष्ट्र ऋण व्यवस्थापन विभागमा, मुद्रा व्यवस्थापन विभागका रुद्रबहादुर घिमिरेको सामान्य सेवा विभागमा र सामान्य सेवा विभागका हिमप्रसाद न्यौपानेको अनुसन्धान विभागमा सरुवा भएको छ । साथै, उहाँहरु लगायत उपनिर्देशकहरु बैंक सुपरिवेक्षण विभागका राजनविक्रम थापा तथा विकास बैंक सुपरिवेक्षण विभागका राजेन्द्र भट्टराई निर्देशक पदमा कायम मुकायम मुकर्रर हुनुभएको छ ।

# बैंकहरूको लगानी उत्पादनशील क्षेत्रमा केन्द्रित हुनुपर्ने

## डेपुटी गभर्नर श्रेष्ठद्वारा उदयपुरको अन्तरक्रियालाई सम्बोधन

डेपुटी गभर्नर शिवराज श्रेष्ठले उत्पादनशील क्षेत्रलाई आधार बनाएर बैंकहरूले आफ्नो लगानी केन्द्रित गर्नुपर्ने बताउनु भएको छ।

जनकपुर कार्यालयले चैत २२ गते उदयपुरको गाईघाटमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले संविधान निर्माणमार्फत् राजनैतिक स्थायित्व हासिल भई मुलुक विकासको संघीय संरचनामा गई सकेकोले अब देशको आर्थिक उन्नतिका लागि उत्पादनशील क्षेत्र र विपन्न वर्गतर्फ लगानी बढाउनु पर्नेमा जोड दिनुभयो।




ब्याज अनुदान कार्यक्रमलाई बढी प्रभावकारी बनाउन उत्पादकलाई सोझै अनुदान दिने तयारी भइरहेको बताउँदै डेपुटी गभर्नर श्रेष्ठले प्रादेशिक संरचना अनुसार सन्तुलित आर्थिक वृद्धि प्राप्तिका लागि उत्पादनशील क्षेत्रमा बैंकहरूको शाखागत वा क्षेत्रगत लगानी आवश्यक रहेको बताउनु भयो।

उहाँले जोखिम न्यूनीकरणका साथै कृषि कर्जा आक्रामक तवरले बढाउन कृषि तथा पशु बीमा हरेक आधुनिक कृषि परियोजनामा अनिवार्य गर्न र कृषि उपज भित्र्याउने अर्थात हार्भेस्ट हुने समयमा नै कर्जाको ब्याज र साँवा तिर्ने व्यवस्था मिलाउन सकिने धारणा व्यक्त गर्नुभयो।

बैंकहरूले स्थानीय श्रोत र साधनको उच्चतम परिचालन हुने गरी स्थानीय तवरमै प्रडक्ट डिजाइन गर्नु पर्ने बताउँदै डेपुटी गभर्नर श्रेष्ठले बैंकहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी बढाउनु पर्ने र नोट कारोबारमा सावधानी अपनाउनु पर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सहभागीहरूले नक्कली नोट, नोटको सुलभ उपलब्धता आदिका सम्बन्धमा राखेका जिज्ञासाको जवाफ दिने क्रममा डेपुटी गभर्नर श्रेष्ठले नोटको प्रचलन बिस्तारै घटाउँदै लैजाने केन्द्रीय बैंकको नीति रहेको बताउँदै यस क्रममा डिजिटल पेमेन्ट, अनलाइन बैंकिङ, इन्टर बैंक पेमेन्ट सिस्टम (आइपिएस) लगायत वित्तीय प्रविधि (फिनटेक) का विभिन्न उपकरणहरू प्राथमिकतामा रहने बताउनु भयो।

कार्यक्रममा त्रियुगा नगर कार्यपालिकाका मेयर बलदेव चौधरीले खानी, कृषि, पशु र वन लगायतका सम्भाव्य क्षेत्रमा नगरपालिकाले काम थालेको बताउँदै केराको पकेट क्षेत्र, राफ्टिङ, रिसोर्ट, १०० मेगावाट सोलार बत्ती जडान लगायतका क्षेत्रमा कार्य शुरु भइसकेको बताउनु भयो।

आर्थिक तथा बैंकिङ गतिविधिसँग सम्बद्ध सरकारी कार्यालयका प्रतिनिधि, स्थानीय प्रशासनका प्रतिनिधि, उद्योगी, व्यापारी, प्राध्यापकहरू तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा अधिकांश वक्ताहरूले बैंकहरूको परिवर्तनशील ब्याजदरले उत्पादन र व्यवसायको लागत बढाएकोले नेपाल राष्ट्र बैंकले यसलाई स्थिर राख्न तत्काल नीतिगत व्यवस्था गर्नुपर्ने धारणा राख्नु भएको थियो।

जनकपुर कार्यालयका निर्देशक नरेश शाक्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उदयपुर सिमेन्ट कारखानाका नायब महाप्रबन्धक नवलकिशोर साह, मालपोत कार्यालय उदयपुरका प्रमुख नारायण खड्का, व्यवसायीहरू भीम राई, युवराज कार्की, सुनिल ठाकुर, जगदीशप्रसाद गुप्ता लगायतले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

उदयपुर जिल्लाका आर्थिक तथा बैंकिङ गतिविधि अध्ययन सम्बन्धी सरोकारवालाहरूसँगको उक्त अन्तरक्रिया कार्यक्रममा उदयपुर जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका कार्यालयहरूबाट २०७४ पुस मसान्तसम्ममा रु. ३६८ करोड निक्षेप संकलन र रु. ७१ करोड कर्जा प्रवाह भएको जानकारी दिइएको थियो।

# चन्द्रपुरमा वित्तीय सचेतना कार्यक्रम

वीरगञ्ज कार्यालय र दिव्यज्योति कृषि सहकारी संस्था लि., चन्द्रपुर, रौतहटको संयुक्त आयोजनामा चैत ८ गते चन्द्रपुरमा वित्तीय सचेतना अभिवृद्धि सम्बन्धी एक दिने कार्यक्रम सम्पन्न भयो।

वीरगञ्ज कार्यालयका निर्देशक रविन्द्र महर्जनको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा दिव्यज्योति कृषि सहकारी संस्था लि. का सदस्यहरू, त्यस क्षेत्र आसपासका अन्य सहकारी संस्थाका सदस्यहरू, स्थानीय स्कुल, कलेजका शिक्षक, विद्यार्थी लगायत सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो।

कार्यक्रममा वित्तीय साक्षरताका विविध आयामहरू, नेपालको वित्तीय प्रणाली र तिनीहरूको कार्यसञ्चालन पद्धति, नेपाल राष्ट्र बैंकको सफा नोट नीति, रेमिट्यान्सका विविध पक्षहरू, आधुनिक बैंकिङ प्रणालीका उपकरणहरू लगायत समसामयिक बैंकिङ गतिविधि सम्बन्धी विषयवस्तु समेटेर कार्यालयका सहायक निर्देशक टीकाराम खतिवडाले वार्ता प्रस्तुत गर्नु भएको थियो।

कार्यक्रमबाट ग्रामीण तथा अर्धशहरी क्षेत्र विशेष गरी वित्तीय चेतनाको आधारभूत ज्ञानको कमी रहेका स्थानहरूमा यस प्रकारको कार्यक्रम प्रभावकारी हुने धारणा सहभागीहरूले व्यक्त गरेका थिए।

# डेपुटी गभर्नर श्रेष्ठद्वारा जनकपुर कार्यालय अवलोकन

डेपुटी गभर्नर शिवराज श्रेष्ठले चैत २१ गते जनकपुर कार्यालयको अवलोकन गर्नुभयो ।

सो अवसरमा आयोजित कार्यक्रममा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर श्रेष्ठले बैंकका सबै कर्मचारीहरूले केन्द्रीय बैंकको गरिमा कायम हुने गरी कार्य सम्पादन गर्नु पर्नेमा जोड दिनुभयो ।



प्रदेश सरकारलाई आवश्यकता अनुसार उपलब्ध गराउन कार्यालयले तथ्यांक अद्यावधिक गरिरहनु पर्ने बताउँदै उहाँले नियम संगत रुपले कार्य सम्पादन गर्दा खरिद प्रक्रिया सरल, सजिलो र झण्झटमुक्त हुने बताउनु भयो । साथै, उहाँले उपत्यका बाहिरका कार्यालयको IT सम्बन्धी समस्या तत्काल समाधानका लागि आवश्यक कार्य गरिने पनि बताउनु भयो ।

कार्यक्रममा कार्यालयका निर्देशक नरेश शाक्यले क्षेत्रगत आर्थिक तथा बैंकिङ गतिविधिबारे जानकारी दिनु भएको थियो । कार्यक्रममा कार्यालयका उपनिर्देशकहरू माधव दंगाल, वासुदेव भट्टराई र प्रल्हाद गिरीका साथै अन्य अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# डेपुटी गभर्नर श्रेष्ठ बैंककमा

डेपुटी गभर्नर शिवराज श्रेष्ठ मार्च १९-२२ सम्म थाइल्याण्डको बैंककमा आयोजित विभिन्न कार्यक्रममा सरिक हुनुभयो । सो सन्दर्भमा उहाँले मार्च १९, २०१८ मा African Rural and Agricultural Credit Association (AFRACA), Food and Agriculture Organization of the United Nations (FAO) तथा Asia Pacific Rural and Agricultural Credit Association (APRACA) द्वारा संयुक्त रूपमा आयोजित ५ दिने Master Class Training Program for the Trainers on Agricultural Value Chain Finance (AgVCF) विषयक तालिमको उद्घाटन गर्नुभयो ।




साथै, डेपुटी गभर्नर शिवराज श्रेष्ठले APRACA Secretariat ले आयोजना गरेको 1st Steering Committee Meeting for Preparation of 6th World Congress on Rural and Agricultural Fiance विषयक बैठकको अध्यक्षता गर्नुभयो । मार्च २० र २१ गते चलेको उक्त बैठकमा भारतको नयाँ दिल्लीमा सन् २०१९ मा आयोजना हुने ग्रामीण तथा कृषि कर्जा प्रदान गर्ने वित्तीय संस्थाहरुको 6th World Congress को तयारी सम्बन्धमा विस्तृत छलफल भएको थियो ।

यसै गरी, डेपुटी गभर्नर श्रेष्ठसँग Bank of Thailand का सहायक गभर्नर Mr. Samboon Chitphentom सहितको टिमले भेट गरको थियो । सो अवसरमा नेपाल राष्ट्र बैंक र बैंक अफ थाइल्याण्ड बीच Risk Based Supervision, Payment System Oversight, Procurement Management, Technical Cooperation for Capacity Building for NRB Staff, Capacity Building for MFI's Regarding Agricultural, Rural and Deprived Sector Financing in Nepal आदि विषयहरुमा आपसी सहयोग अभिवृद्धि गर्ने सम्बन्धमा छलफल भएको थियो ।

उक्त कार्यक्रमहरुमा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक डा. कीर्तिविक्रम दाहालको पनि सहभागिता रहेको थियो ।

# सिद्धार्थनगरमा ज्ञान आदान प्रदान कार्यक्रम

सिद्धार्थनगर कार्यालयले चैत २३ गते कार्यालयको सभाहलमा कर्मचारीहरूका बीच ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यालयको वार्षिक कार्ययोजना अनुरुप आयोजना गरिएको उक्त कार्यक्रम दुई चरणमा सञ्चालन गरिएको थियो । प्रथम चरणमा कार्यालयका निर्देशक अशोककुमार पौडेलले आन्तरिक लेखापरीक्षणमा देखिएका कैफियतहरू विषयमा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले आन्तरिक लेखापरीक्षणका कैफियतहरूको व्यवस्थापनमा देखिएका चुनौती तथा सोको समाधानका बारेमा चर्चा गर्नुभयो ।

कार्यक्रममा सिद्धार्थनगर कार्यालयको आन्तरिक लेखापरीक्षण गर्न आउनु भएका आन्तरिक लेखापरीक्षण विभागका का.मु. उपनिर्देशक नारदकुमार पियाले आन्तरिक लेखापरीक्षणमा देखिएका कैफियतहरू बारेमा थप प्रष्ट पार्नु भएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा सिद्धार्थनगर कार्यालयले आगामी आ.व. २०७५/७६ को लागि वार्षिक कार्ययोजना तथा बजेटमा प्रस्ताव गर्नको लागि आवश्यक सम्पत्ति, सामान तथा कार्यक्रमहरूको बारेमा छलफल गरिएको थियो ।

उक्त कार्यक्रममा कर्मचारीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक पौडेलले दिनु भएको थियो । कार्यक्रममा कार्यालयका उपनिर्देशक ऋषिराम बराल लगायत सहायक निर्देशकहरू तथा अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# कटारी र लहानमा मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रिया सम्पन्न

अनुसन्धान विभाग, मूल्य महाशाखाले उदयपुर जिल्लाको कटारी बजार केन्द्रमा चैत १० गते र सिरहा जिल्लाको लहान बजार केन्द्रमा चैत ११ गते “मूल्य तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम” सम्पन्न गरेको छ ।




उक्त दुवै अन्तरक्रिया कार्यक्रम अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाको प्रमुख आतिथ्यतामा तथा जनकपुर कार्यालयका निर्देशक नरेश शाक्यको सभापतित्वमा सञ्चालन भएको थियो ।

कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक थापाले मुलुकको आर्थिक स्थितिको मापन र विश्लेषण गर्न विभिन्न किसिमका आर्थिक परिसूचकहरू जस्तैः आर्थिक वृद्धिदर, मुद्रास्फीतिदर, विदेशी मुद्राको सञ्चिति, शोधनान्तर स्थिति, वैदेशिक व्यापार, सरकारी बजेट आदि आवश्यक पर्ने बताउँदै ती आर्थिक परिसूचकहरू निर्माण गर्न आवश्यक विभिन्न किसिमका आर्थिक तथ्याङ्कहरू मध्ये मूल्य तथ्यांकको महत्वपूर्ण भूमिका रहने गरेको बताउनु भयो ।

विश्वका अधिकांश केन्द्रीय बैंकहरूको प्रमुख उद्देश्य देशमा मूल्य स्थिरता कायम राख्ने रहेको र सोही अनुरूप मौद्रिक नीतिलाई परिचालित गर्ने गरेको चर्चा गर्दै उहाँले नेपालको सन्दर्भमा नेपाल राष्ट्र बैंकले पनि वार्षिक रूपमा मौद्रिक नीति निर्माण गर्दा मूल्य स्थिरतालाई प्रमुख लक्ष्य बनाउने गरेको र सो लक्ष्य प्राप्तिको लागि आफूसँग भएका मौद्रिक उपकरणहरूलाई उच्चतम प्रयोग गर्ने गरेको बताउनु भयो ।

कार्यक्रममा मूल्य तथ्याङ्कसँग सम्बन्धित विविध पक्षहरू समावेश भएको संक्षिप्त वार्ता प्रस्तुत गर्दै कार्यकारी निर्देशक थापाले अन्तरक्रियाबाट सानातिना व्यवसायीहरूले भोग्नु परेका विविध प्रशासनिक एवम् आर्थिक समस्याहरू उजागर भई समाधान गर्नको लागि सम्बन्धित निकाय समक्ष आवश्यक पहल गर्न सकारात्मक वातावरण सिर्जना हुने धारणा व्यक्त गर्नुभयो । साथै, उहाँले कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

कटारी बजार केन्द्रमा सञ्चालित अन्तरक्रिया कार्यक्रममा उदयपुर उद्योग वाणिज्य संघका अध्यक्ष पुष्कर खड्का, कटारी नगरपालिकाका ३ नं. वडा अध्यक्ष राम पोखरेल, उदय बहुमुखी क्याम्पसका प्रमुख मुकेश थापा तथा जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक मोहन बराल आतिथिको रुपमा सहभागी हुनुहुन्थ्यो ।

त्यसै गरी, लहान बजार केन्द्रमा सञ्चालित अन्तरक्रिया कार्यक्रममा लहान नगरपालिकाका उपप्रमुख सरियार चौधरी, जे.एस. मुरारका बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख सजनकुमार साह, एभरेष्ट कलेजका प्राचार्य धरणीधर अधिकारी, एल.एम.सी. कलेजका प्राचार्य मनोज कर्ण लगायतले आतिथ्यता ग्रहण गर्नुभएको थियो ।

कार्यक्रममा अतिथि तथा सहभागीहरूले नेपाल राष्ट्र बैंकले संकलन गर्दै आएको मूल्य तथ्याङ्कले मुलुकको समग्र मुद्रास्फीतिको मापन हुने र यस किसिमको यथार्थ सूचकले देशको समग्र आर्थिक नीति तथा कार्यक्रम तर्जुमा गर्न एवम् कार्यान्वयन गर्नेतर्फ मार्ग प्रशस्त गर्न सहयोग पुऱ्याउने हुँदा बैंकले मागेको समयमा यथार्थ मूल्य तथ्याङ्क दिई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।




कार्यक्रमको अन्तमा जनकपुर कार्यालयका निर्देशक नरेश शाक्यले धन्यवाद मन्तव्य दिनु भएको थियो ।

उपर्युक्त दुवै कार्यक्रममा नेपाल राष्ट्र बैंकले विभिन्न बजार केन्द्रबाट मूल्य तथ्याङ्क संकलन गर्नुको उद्देश्य, तथ्याङ्क संकलन तथा सोको प्रशोधन गर्न अपनाइएका विधिहरू, मूल्य तथ्याङ्कको महत्व एवम् उपयोगिता लगायत मूल्य तथ्याङ्क सम्बन्धी अन्य विषयहरूमा केन्द्रित भई अनुसन्धान विभागका उपनिर्देशक दुर्गेशगोपाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सोही विभागका सहायक निर्देशक डा. गणेशप्रसाद गौतमले गर्नुभएको थियो ।

## बेनीमा सफा नोट नीति सम्बन्धी अन्तरक्रिया

मुद्रा व्यवस्थापन विभागले चैत ९ गते म्याग्दी जिल्लाको बेनीमा "सफा नोट नीति प्रवर्द्धन तथा जाली नोटको चलनचल्ती नियन्त्रणका लागि चाल्नुपर्ने कदम" विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।



कार्यक्रमको प्रमुख अतिथि मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला हुनुहुन्थ्यो । उक्त कार्यक्रम पोखरा कार्यालयका निर्देशक पोमनाथ गौतमको सभापतित्वमा सञ्चालन भएको थियो ।

कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका निर्देशक भीष्मप्रसाद उप्रेतीले जाली नोटको चलनचल्ती नियन्त्रणका लागि चाल्नु पर्ने कदमका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले जाली नोट पहिचान गर्ने विधि एवम् जाली नोटको कारोबारलाई निरुत्साहित गर्ने उपायका बारेमा चर्चा गर्नु भएको थियो ।

यसै गरी सोही विभागका उपनिर्देशक रुद्रबहादुर घिमिरेले सफा नोट प्रवर्द्धन गर्ने उपायका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । उहाँले नोटलाई सफा राख्न अपनाउनु पर्ने विभिन्न उपायहरूका साथै नोटलाई सफा राख्नु पर्ने आवश्यकताका बारेमा चर्चा गर्नु भएको थियो ।

कार्यक्रममा बेनी नगरपालिकाका मेयर हरिकुमार श्रेष्ठले कार्यक्रमबाट नयाँ नोटको जतन गर्ने परिपाटी बसाल्न र जाली नोट पहिचान गर्न ज्ञान प्राप्त भएको विचार राख्नु भएको थियो ।

कार्यक्रममा पोखरा कार्यालयका उपनिर्देशक अमर अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रम मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक अभियान उपाध्यायले सञ्चालन गर्नु भएको थियो ।

कार्यक्रममा बेनीस्थित बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, स्थानीय निकाय, सरकारी संघसंस्था, उद्योग, व्यवसायका प्रतिनिधिहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

## कैलालीको मोहन्यालमा वित्तीय सचेतना कार्यक्रम

पूर्वाधार तथा वित्तीय पहुँचको दृष्टिकोणले निकै पछाडि परेको कैलाली जिल्लाको मोहन्यालमा धनगढी कार्यालयको आयोजनामा चैत्र २३ गते वित्तीय सचेतना कार्यक्रम सम्पन्न भयो ।

मोहन्यालको सोल्टास्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयमा आयोजित उक्त कार्यक्रम धनगढी कार्यालयका निर्देशक किरण पण्डितको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा निर्देशक पण्डितले विद्यार्थीहरू वित्तीय रुपले सचेत भएमा सीमित स्रोत र साधनको उचित उपयोग गर्न सक्ने भई व्यवस्थित जीवन जिउन सहज हुने बताउनु भएको थियो । सो अवसरमा उहाँले आफू मात्र नभई आफ्नो घर परिवार, नातागोता तथा छरछिमेकमा समेत आफूले सिकेको कुरा बाँड्न आग्रह गर्दै कार्यक्रममा उठेका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

कार्यक्रमका सभापति तथा उक्त विद्यालयका प्राचार्य कृष्णप्रसाद जैसीले विकट क्षेत्रमा आएर वित्तीय सचेतना कार्यक्रम सञ्चालन गरेकोमा नेपाल राष्ट्र बैंकलाई धन्यवाद ज्ञापन गर्दै वित्तीय सचेतना कार्यक्रम निकै उपयोगी भएको बताउनु भएको थियो ।




कार्यक्रममा धनगढी कार्यालयका सहायक निर्देशक पृथु शर्मा बिनाडीले बचत, ऋण, बिमा, विप्रेषण, राष्ट्रको वित्तीय प्रणाली, वित्तीय उपकरणहरू, विभिन्न प्रकारका बैंकिङ सेवाहरू, नोटको जतन गर्ने उपाय लगायतका विषयहरू समेटिएको वार्ता प्रस्तुत गर्नु भएको थियो ।

उक्त विद्यालयका शिक्षक तथा कक्षा १२ सम्मका विद्यार्थी र अन्य प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रम कार्यालयका सहायक ललित कार्कीले सञ्चालन गर्नु भएको थियो ।

## धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम

धनगढी कार्यालयले चैत ३० गते कार्यालयको सभाहलमा ज्ञान आदानप्रदान कार्यक्रम सञ्चालन गऱ्यो । कार्यक्रममा कार्यालयका उपनिर्देशक दीर्घबहादुर रावलले देशको समग्र आर्थिक स्थिति तथा अर्थतन्त्रका केही सैद्धान्तिक पक्षमा केन्द्रित रही Macro-economic Management विषयमा प्रस्तुति राख्नुभयो । कार्यक्रममा Transmission Mechanism, Business cycles, Prudential Management लगायत अर्थतन्त्रको समग्र आर्थिक स्थितिका बारेमा छलफल भएको थियो ।

# भरतपुरमा आर्थिक गतिविधि अध्ययन सम्बन्धी छलफल

वीरगञ्ज कार्यालयले चैत २२ गते चितवन जिल्लाको भरतपुरमा आर्थिक गतिविधि अध्ययन तथा समसामयिक विषयमा छलफल कार्यक्रम आयोजना गऱ्यो ।



कार्यक्रममा कार्यालयका निर्देशक रविन्द्र महर्जनले आर्थिक गतिविधि सम्बन्धी तथ्याङ्कको प्रयोग र उपादेयता बारे चर्चा गर्दै कार्यालय र आर्थिक तथ्याङ्क दिने पक्षहरूबीचको छलफलबाट सही समयमा यथार्थ तथ्याङ्क प्राप्त हुने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रममा कार्यालयका उपनिर्देशक केशवबहादुर के.सी. ले आर्थिक गतिविधि अध्ययनका विविध पक्षहरू समावेश गरिएको वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक महर्जन र उपनिर्देशक के.सी. ले दिनुभयो ।

कार्यक्रममा कार्यालयले तयार गर्ने वार्षिक तथा अर्धवार्षिक आर्थिक गतिविधि सम्बन्धी प्रतिवेदनको लागि आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराउने जिल्लाका सरकारी कार्यालय, उद्योग, शैक्षिक संस्था, होटल लगायतका संघसंस्थाहरूका करिब ५० जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यालयका सहायक निर्देशक टीकाराम खतिवडाले स्वागत मन्तव्य दिनु भएको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक टीकाराम तिमिल्सिनाले गर्नुभएको थियो ।

# सर्लाहीमा ग्रामीण स्वावलम्बन कोष सम्बन्धी अन्तरक्रिया

जनकपुर कार्यालयले सर्लाही जिल्लाका लघु वित्त संस्थाहरूबीच ग्रामीण स्वावलम्बन कोष सम्बन्धी अन्तरक्रिया चैत २६ गते सर्लाहीको नयाँ रोड ढुंग्रेखोला, आदर्श चोकमा सम्पन्न गऱ्यो । अन्तरक्रियामा कोषबाट सहकारी संस्थाहरूलाई दिइने थोक लघु कर्जाका बारेमा जानकारी प्रदान गर्नुका साथै कोषको कर्जा प्रवाहको तौरतरिकाका सम्बन्धमा छलफल भएको थियो ।




कार्यक्रमका मुख्य अतिथि जनकपुर कार्यालयका निर्देशक नरेश शाक्यले ग्रामीण स्वावलम्बन कोषको माध्यमबाट नेपाल सरकार र नेपाल राष्ट्र बैंकले ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप बढाई उद्यमशीलताको विकास गर्न चाहेको बताउनु भयो । कर्जा प्रवाह गर्ने प्रक्रिया सरलीकरण भइसकेको बताउँदै उहाँले कर्जा लिन योग्य सहकारी संस्थाहरूले कर्जा प्रवाह गरिने लक्षित समुदायको यकिन गरी प्रक्रिया अगाडि बढाउन आग्रह गर्नुभयो । निर्देशक शाक्यले अन्तरक्रियामा उठेका जिज्ञासा तथा कर्जा असुली र प्रक्रियाका गुनासाहरूको बारेमा पनि जवाफ दिनुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै जनकपुर कार्यालयका उपनिर्देशक प्रल्हाद गिरीले विपन्न तथा बेरोजगार समुदायलाई लक्षित गरी उनीहरूको आय आर्जन बढाउने र गरिबी निवारण गर्ने कार्यमा कोषले खेलेको भूमिका बारे चर्चा गर्नुभयो । उहाँले कोषसँग लघु कर्जा दिन पर्याप्त रकम रहेको जानकारी दिँदै कर्जा प्रक्रियाका लागि आवश्यक कागजातहरूबारे प्रष्ट पार्नुभयो ।

कार्यक्रममा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक भीमप्रसाद अधिकारीले ग्रामीण स्वावलम्बन कोषको उद्देश्य, उपादेयता र भावी योजना सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले कोषले आउने दिनमा लक्षित वर्गको तहमै पुगेर कर्जा प्रवाह गर्न उत्सुक रहेको र समाजमा आर्थिक रुपान्तरण भएको हेर्न चाहेको बताउनु भयो ।

कार्यक्रममा डिभिजन सहकारी कार्यालय सर्लाहीका प्रमुख बिकाउ यादवले ग्रामीण स्वावलम्बन कोषले प्रवाह गर्ने कर्जामा एकरुपता हुनु पर्ने, कर्जाको सीमा रकम बढाउनु पर्ने तथा कर्जाको सन्तुलित प्रवाह हुनु पर्ने सुझाव दिनु भएको थियो । कोषको उद्देश्यले जिल्लाका सहकारी संस्थाहरूको विकासमा अहम् भूमिका खेल्ने चर्चा गर्दै उहाँले अन्तरक्रिया र वित्तीय साक्षरताका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याउनु भएको थियो ।

जनकपुर कार्यालयका सहायक गंगेशकुमार झाले सञ्चालन गर्नुभएको उक्त अन्तरक्रियामा सर्लाही जिल्लाका ५५ सहकारी संस्थाहरूको सहभागिता रहेको थियो ।

**नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।**

# जनकपुर कार्यालयमा निर्देशक शाक्यको स्वागत

जनकपुर कार्यालयले चैत २३ गते एक कार्यक्रम आयोजना गरी सरुवा भई उक्त कार्यालयमा आउनु भएका निर्देशक नरेश शाक्यलाई स्वागत गऱ्यो।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै निर्देशक शाक्यले कार्यालयको कार्य सम्पादनमा सबैले सदैव अनुशासन, गतिशीलता र पारदर्शिता कायम गर्नु पर्ने धारणा व्यक्त गर्नुभयो। जनकपुर कार्यालय प्रतिको धारणामा परिवर्तन ल्याउन आफूले सदाचार, सुव्यवस्थित र सफा कार्य वातावरणलाई अभियानको रुपमा अगाडि बढाउने कुरामा जोड दिँदै उहाँले यसका लागि आवश्यक वातावरण बनाउने कार्यमा सबै कर्मचारीहरूबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा उहाँले कर्मचारी जीवनको एक महत्वपूर्ण अंगको रुपमा रहेको समय पालना सम्बन्धी व्यवस्थालाई ख्याल गर्ने कर्मचारीले छिटो प्रगति गर्न सक्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा उपनिर्देशक माधव दंगालले निर्देशक शाक्यलाई खादा र फूलमालाले स्वागत गर्नुभयो। उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै उपनिर्देशक दंगालले निर्देशक शाक्यको कार्यालय सुधार अभियानलाई सम्पूर्ण कर्मचारीहरूले साथ दिनुका साथै सहयोग गर्नु पर्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा कार्यालयका अन्य अधिकृत तथा कर्मचारीहरूले पनि निर्देशक शाक्यलाई टीका तथा पुष्पगुच्छाबाट स्वागत गर्नुभएको थियो।

सोही कार्यक्रममा जनकपुर कार्यालयबाट सरुवा हुनुभएका उपनिर्देशक वासुदेव भट्टराई र सहायक निर्देशक रामकाजी खाइजूलाई विदाई गरिएको थियो। निर्देशक शाक्यले सरुवा हुनुभएका अधिकृतहरूलाई खादा र फूलमाला लगाई विदाई गर्नु भएको थियो। कार्यालयका अन्य अधिकृत तथा कर्मचारीहरूले पनि उहाँहरूलाई पुष्पगुच्छा दिई विदाई गर्नुभएको थियो।

कार्यक्रममा उपनिर्देशक भट्टराईले मन्तव्य व्यक्त गर्दै नेतृत्वले चाल्ने हरेक सकारात्मक कदममा अन्य अधिकृत तथा कर्मचारीहरूले साथ र सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। जनकपुर कार्यालयका सबै कर्मचारीहरू सहयोगी, मिलनसार र लगनशील भएकोले कार्य सम्पादन सहज र सजिलो भएको उहाँले बताउनु भएको थियो।

उपनिर्देशक प्रल्हाद गिरीले स्वागत मन्तव्य व्यक्त गर्दै कुनै पनि कार्य रुचिका साथ सम्पादन गरे सफलता प्राप्त गर्न सजिलो हुने विचार व्यक्त गर्नु भएको थियो।

सहायक निर्देशक खाइजू, नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुरका अध्यक्ष शिवनारायण झा र नेपाल वित्तीय संस्था कर्मचारी संघ, जनकपुरका अध्यक्ष गंगेशकुमार झाले पनि मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक रामविलास महतोले गर्नुभएको थियो।

# धनगढीमा आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी अन्तरक्रिया

धनगढी कार्यालयले चैत २८ गते धनगढीमा समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी एक दिने अन्तरक्रिया सम्पन्न गऱ्यो।

प्रदेश नं. ७ मा अवस्थित बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुख, कैलाली उद्योग वाणिज्य संघका पदाधिकारी तथा उद्योगी व्यापारीहरूसँगको उक्त अन्तरक्रियामा कार्यालयका निर्देशक किरण पण्डितले प्रदेश नं. ७ को समसामयिक आर्थिक तथा बैंकिङ गतिविधिका सम्बन्धमा चर्चा गर्दै स्थानीय उद्योगी, व्यवसायी तथा बैंकरहरूको समन्वयले नै प्रदेशको आर्थिक गतिविधि विस्तार गर्न सहयोग हुने तथा सरोकारवालाहरूसँगको अन्तरक्रियाबाट प्राप्त हुने जानकारी, सल्लाह तथा सुभाव भावी नीति निर्माण र निर्णय प्रक्रियाका लागि महत्वपूर्ण आधार हुने बताउनु भयो।

कार्यक्रममा कार्यालयका उपनिर्देशक दीर्घबहादुर रावलले बैंकिङ एवम् आर्थिक गतिविधि सम्बन्धी अन्तरक्रियाको उद्देश्य र आवश्यकता बारे चर्चा गर्दै समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि सम्बन्धी वार्ता प्रस्तुत गर्नुभएको थियो।

सहभागीहरूका तर्फबाट कैलाली उद्योग वाणिज्य संघका उपाध्यक्ष गजराज पाण्डे तथा बैंकर्स क्लब धनगढीका अध्यक्ष टेकराज भट्टले जिल्लामा आर्थिक गतिविधि बढाउन नेपाल राष्ट्र बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउँदै जिज्ञासा तथा सल्लाह सुझाव राख्ने मौका प्रदान गरिएकोमा धन्यवाद दिनुभएको थियो।




कार्यालयका सहायक निर्देशक नरेन्द्रबहादुर चन्दले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा सहायक निर्देशक पृथु शर्मा बिनाडीले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको औचित्य प्रस्तुत गर्नुभएको थियो।

# सरुवा

उपनिर्देशकहरू संस्थागत योजना विभागका राजनविक्रम थापा बैंक सुपरिवेक्षण विभागमा तथा गोविन्दप्रसाद नागिला गभर्नरको कार्यालय (कामकाज) मा, जनशक्ति व्यवस्थापन विभागका राजेन्द्र भट्टराई विकास बैंक सुपरिवेक्षण विभागमा, समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका रामप्रसाद फुँयाल विकास बैंक सुपरिवेक्षण विभागमा, प्रतिभा अधिकारी वित्त कम्पनी सुपरिवेक्षण विभागमा र विवेक कोइराला सिद्धार्थनगर कार्यालयमा, वीरगञ्ज कार्यालयका केशवबहादुर के.सी. संस्थागत योजना विभागमा र प्रदीप भट्टराई गभर्नरको कार्यालयमा, नेपालगञ्ज कार्यालयका शैलेन्द्र रेग्मी लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा तथा पूर्णबहादुर महर्जन आन्तरिक लेखापरीक्षण विभागमा, बैंकिङ कार्यालयका प्रकाश राई सिद्धार्थनगर कार्यालयमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका अनुज दाहाल टक्सार महाशाखामा, निश्चल अधिकारी वीरगञ्ज कार्यालयमा, सम्झना ढकाल संस्थागत योजना विभागमा र संजीवकुमार झा जनकपुर कार्यालयमा सरुवा हुनुभएको छ ।

उपनिर्देशकहरू बैंक सुपरिवेक्षण विभागका बुद्धराज शर्मा वीरगञ्ज कार्यालयमा र प्रद्युम्नकुमार खनाल आन्तरिक लेखापरीक्षण विभागमा, धनगढी कार्यालयका रमेश आचार्य वित्तीय जानकारी एकाइमा, सिद्धार्थनगर कार्यालयका विज्ञानराज सुवेदी र सुवास आचार्य अनुसन्धान विभागमा, अनुसन्धान विभागका नारायणप्रसाद पोखेल नेपालगञ्ज कार्यालयमा, इन्द्रा चम्लागाई जनशक्ति व्यवस्थापन विभागमा र गुणराज भट्ट नेपालगञ्ज कार्यालयमा, जनकपुर कार्यालयका वासुदेव भट्टराई विदेशी विनिमय व्यवस्थापन विभागमा, विराटनगर कार्यालयका मनोहर बस्नेत बैंकिङ कार्यालयमा, अनुसन्धान विभागका नन्दकुमार ढकाल विराटनगर कार्यालयमा, वित्तीय जानकारी एकाइका हरिकुमार नेपाल जनशक्ति व्यवस्थापन विभागमा, वित्त व्यवस्थापन विभागका नविना ढकाल अनुसन्धान विभागमा, आन्तरिक लेखापरीक्षण विभागका राजेन्द्रप्रसाद रिमाल लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका नरेन्द्रसिंह विष्ट बैंक तथा वित्तीय संस्था नियमन विभागमा र जीवनप्रकाश पाण्डेय जनशक्ति व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

सहायक निर्देशकहरू आन्तरिक लेखापरीक्षण विभागका नारदकुमार पिया लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, रविन शर्मा भेटवाल र बसन्ती श्रेष्ठ बैंकिङ कार्यालयमा, बैंकिङ कार्यालयका शारदादेवी मिश्र वित्त व्यवस्थापन विभागमा, सामान्य सेवा विभागका यज्ञबहादुर कटुवाल बैंक सुपरिवेक्षण विभागमा, दीपक अधिकारी बैंक तथा वित्तीय संस्था नियमन विभागमा र रमेशप्रसाद चौलागाईं जनकपुर कार्यालयमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका श्यामराज त्रिपाठी वीरगञ्ज कार्यालयमा, हरिश्चन्द्र ढकाल सामान्य सेवा विभागमा, बैंकिङ कार्यालयका इन्द्रत्रिविक्रम पहारी बैंक सुपरिवेक्षण विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका बद्रीप्रसाद खकुरेल विदेशी विनिमय व्यवस्थापन विभागमा, रामचन्द्र भट्टराई नेपालगञ्ज कार्यालयमा, राजकुमार खत्री संस्थागत योजना विभागमा, रेशमबहादुर बल्छौडी आन्तरिक लेखापरीक्षण विभागमा, विष्णुप्रसाद नराल र झंकनाथ ढकाल बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा हुनुभएको छ ।

सहायक निर्देशकहरू वीरगञ्ज कार्यालयका लुमाकान्त भट्टराई लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, भागवत आचार्य विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज) मा, वशिष्ठ अधिकारी लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, टीकाराम खतिवडा बैंक सुपरिवेक्षण विभागमा र प्रशान्तबल्लभ पन्त वित्तीय जानकारी एकाइमा, धनगढी कार्यालयका तीर्थराज ओझा बैंकिङ कार्यालयमा, वित्त कम्पनी सुपरिवेक्षण विभागका ताराप्रसाद ओझा र पुरुषोत्तम खतिवडा वित्त व्यवस्थापन विभाग (कामकाज) मा, धीरेन्द्रकुमार आर.सी. विदेशी विनिमय व्यवस्थापन विभागमा, जनकपुर कार्यालयका रामकाजी खाइजू गभर्नरको कार्यालय (कामकाज) मा, कृष्णशरण फुँयाल विदेशी विनिमय व्यवस्थापन विभागमा, बद्रीनाथ नेपाल बैंकर्स प्रशिक्षण केन्द्र (कामकाज) मा, सिद्धार्थनगर कार्यालयका गेदा पंगेनी बैंक सुपरिवेक्षण विभागमा, विराटनगर कार्यालयका दीपेन्द्रप्रसाद पोखेल जनशक्ति व्यवस्थापन विभागमा, सुबोधमान श्रेष्ठ बैंक सुपरिवेक्षण विभागमा र राजेश घिमिरे वित्त कम्पनी सुपरिवेक्षण विभागमा, विदेशी विनिमय व्यवस्थापन विभागका रामकुमार के.सी. अन्तरिक लेखापरीक्षण विभागमा, भरतदेव पाण्डेय वित्त कम्पनी सुपरिवेक्षण विभागमा, बैंकिङ कार्यालयका नवराज सुनुवार वित्त व्यवस्थापन विभाग (कामकाज) मा, नेपालगञ्ज कार्यालयका सुशिल बिजुक्छे विकास बैंक सुपरिवेक्षण विभागमा, तुलाराम ओझा बैंकिङ कार्यालयमा र ध्रुव कार्की धनगढी कार्यालयमा तथा पोखरा कार्यालयका माधव अधिकारी विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

सहायक निर्देशकहरू वित्त व्यवस्थापन विभागका डिल्लीराम पोखेल वीरगञ्ज कार्यालयमा, बैंक सुपरिवेक्षण विभागका यज्ञ श्रेष्ठ जनकपुर कार्यालयमा, टेकेन्द्र भट्टराई सामान्य सेवा विभागमा, बैंक सुपरिवेक्षण विभागका रन्जना शर्मा र भवानीप्रसाद गौतम बैंकिङ कार्यालयमा, सुरेश शिवाकोटी आन्तरिक लेखापरीक्षण विभागमा, जनशक्ति व्यवस्थापन विभागका पुनिता मण्डल बैंक सुपरिवेक्षण विभागमा, बैंक सुपरिवेक्षण विभागका विजय के.सी. वित्त व्यवस्थापन विभाग (कामकाज) मा, अनुसन्धान विभागका मेदनीप्रसाद पोखेल बैंक सुपरिवेक्षण विभागमा, समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका कृष्णप्रसाद गौतम विकास बैंक सुपरिवेक्षण विभागमा, श्रुति सिंह बैंकर्स प्रशिक्षण केन्द्र (कामकाज) मा, संगीता सिलवाल मुद्रा व्यवस्थापन विभागमा, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका रेवतीराज पौडेल संस्थागत योजना विभागमा र समिरहरि शर्मा अनुसन्धान विभागमा, मुद्रा व्यवस्थापन विभागका अवन्तिका रिमाल बैंकिङ कार्यालयमा, गभर्नरको कार्यालयका सौरभ पोखरेल बैंक सुपरिवेक्षण विभागमा, सार्थक कार्की विकास बैंक सुपरिवेक्षण विभागमा, सिर्जना श्रेष्ठ बैंकर्स प्रशिक्षण केन्द्रमा र कानुन महाशाखाका जुगलकिशोर कुशवाहा बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा हुनुभएको छ ।

# वैदेशिक तालिम/सेमिनार/गोष्ठी आदिमा सहभागिता

अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापा IMF ले USA मा April 18 देखि 22 सम्म आयोजना गरेको G-24/AFI Meeting र 2018 IMF Spring Meeting मा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक हरिशरण के.सी. AFI ले Nigeria मा March 26 देखि 30 सम्म आयोजना गरेको National Strategies for Financial Inclusion विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका निर्देशक रेवतीप्रसाद नेपाल AFI ले Jordan मा April 2 देखि 6 सम्म आयोजना गरेको 17th Digital Financial Services working Group Meeting मा सहभागी हुनुभयो । वीरगञ्ज कार्यालयका सहायक निर्देशक भागवत आचार्यको पनि सो मिटिङमा सहभागिता रहेको थियो ।

बैंकिङ कार्यालयका निर्देशक सरिता अधिकारी International Banking & Financial Institute ले France मा April 3 देखि 6 सम्म आयोजना गरेको Central Bank Accounting & budget Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

नेपालगञ्ज कार्यालयका निर्देशक बिमलराज खनाल Bank of Korea ले Seoul मा April 17 देखि 20 सम्म आयोजना गरेको Monetary Policy विषयक तालिममा सहभागी हुनुभयो । सहायक निर्देशकहरू जनकपुर कार्यालयका कृष्णशरण फुँयाल तथा बैंकिङ कार्यालयका विष्णुकुमार विश्वकर्मा र इन्द्रत्रिविक्रम पहारी पनि उक्त तालिममा सहभागी हुनुहुन्थ्यो ।

अनुसन्धान विभागका निर्देशक डा. गुणाकर भट्ट, गभर्नरको कार्यालयका उपनिर्देशक सुभाषचन्द्र घिमिरे र अनुसन्धान विभागका सहायक निर्देशक भरत ओड RBI ले New Delhi मा March 22 देखि 23 सम्म आयोजना गरेको SAARCFINANCE Database Seminar मा सहभागी हुनुभयो ।

लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक दयाराम शर्मा र गभर्नरको कार्यालयका उपनिर्देशक शम्भुनाथ ढुङ्गाना AFI ले Armenia मा March 19 देखि 23 सम्म आयोजना गरेको Enhanced Market Conduct Regulation & Supervision विषयक Joint Learning Program मा सहभागी हुनुभयो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका कायम मुकायम निर्देशक ईश्वरीप्रसाद न्यौपाने र जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशक शशिधर अर्याल Bank of Indonesia ले Indonesia मा April 9 देखि 13 सम्म आयोजना गरेको Central Bank Policy विषयक सेमिनारमा सहभागी हुनुभयो ।

संस्थागत योजना विभागका उपनिर्देशक राजनविक्रम थापा ISCB ले Turkey मा March 26 देखि 29 सम्म आयोजना गरेको Derivatives and Implications for Emerging Market Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

उपनिर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका निश्चल अधिकारी र धनगढी कार्यालयका दीर्घबहादुर रावल RBI ले India मा March 26 देखि 29 सम्म आयोजना गरेको Understanding Derivatives Better Beyond Basics विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक सन्तोषकुमार घिमिरे APRACA ले China मा March 28 देखि 29 सम्म आयोजना गरेको 3rd Dissemination Workshop मा सहभागी हुनुभयो ।

उपनिर्देशकहरू बैंकिङ कार्यालयका सजना शिल्पकार र बैंक तथा वित्तीय संस्था नियमन विभागका सुधा श्रेष्ठ तथा भुक्तानी प्रणाली विभागका सहायक निर्देशकहरू पदमराज रेग्मी र शिव रेग्मी SEACEN ले Malaysia मा March 26 देखि 30 सम्म आयोजना गरेको SEACEN Foundation Course on Payment Systems Operations सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

उपनिर्देशकहरू वित्त कम्पनी सुपरिवेक्षण विभागका कर्णगोपाल श्रेष्ठ र विराटनगर कार्यालयका मनोहर बस्नेत, सहायक निर्देशकहरू अनुसन्धान विभागका सोना राना र संस्थागत योजना विभागका मेघनाथ तिमल्सिना SEACEN ले Malaysia मा March 26 देखि 30 सम्म आयोजना गरेको SEACEN–BOJ Course on International Macroeconomics: Theories, Issues and Application विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका उपनिर्देशक कृष्णप्रसाद शर्मा र सहायक निर्देशक श्यामसुन्दर चौधरी तथा विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक किशोरकुमार भट्टराई State Bank of Pakistan ले Pakistan मा March 19 देखि 21 सम्म आयोजना गरेको Digital Financial Services विषयक SAARCFINANCE Seminar on Digital Financial Services मा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका उपनिर्देशकहरू नविना ढकाल र प्रियंका बस्न्यात CICTAB ले India मा March 19 देखि 22 सम्म आयोजना गरेको Women's Development through Income Generating Activities विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

धनगढी कार्यालयका उपनिर्देशक बिनोदराज लेखक तथा अनुसन्धान विभागका सहायक निर्देशक डा. महेशकुमार चौलागाई ISCB ले Turkey मा April 11 देखि 13 सम्म आयोजना गरेको Sectorial Financial Accounts विषयक Seminar मा सहभागी हुनुभयो ।

संस्थागत योजना विभागका उपनिर्देशक आर्या जोशी Interenational Banking & Financial Institute ले France मा April 11 देखि 13 सम्म आयोजना गरेको Resilience सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

विराटनगर कार्यालयका उपनिर्देशक डा.रामशरण खरेल Deutsche Bundesbank ले Germany मा April 9 देखि 11 सम्म आयोजना गरेको Expert Panel on Big Data and Central Banking सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशकहरू दुर्गेशगोपाल श्रेष्ठ, नारायणप्रसाद पोखेल र

क्रमशः अन्तिम पेजमा

११ पेजको बाँकी

रञ्जना पण्डित तथा सहायक निर्देशक डा. गणेशप्रसाद गौतम IMF-SARTTAC ले India मा April 16 देखि 27 सम्म आयोजना गरेको Financial Programming and Policies विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उपनिर्देशक सुशिल पौडेल Deutsche Bundesbank ले Germany मा April 16 देखि 20 सम्म आयोजना गरेको Monetary Policy Framework Level I विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका वसन्तराज पाण्डे, वीरगञ्ज कार्यालयका वशिष्ठ अधिकारी, अनुसन्धान विभागका बाबुराम कोइराला र बैंकर्स प्रशिक्षण केन्द्रका रविन्द्र बज्राचार्य SEACEN ले Srilanka मा April 1 देखि 6 सम्म आयोजना गरेको SEACEN–SARTTAC Cource on Monetary Policy Strategies and Operations सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू वित्त व्यवस्थापन विभागका बाबुराम सुवेदी, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सियाराम चौधरी, बैंकिङ कार्यालयका उमेशप्रसाद काफ्ले र राजेन्द्रकुमार श्रेष्ठ तथा जनशक्ति व्यवस्थापन विभागका शिवहरि सिंह बस्नेत CBSL ले Srilanka मा April 5 देखि 6 सम्म आयोजना गरेको Forcasting Budgeting and Financial Management सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका कृष्णप्रसाद गौतम, बैंक सुपरिवेक्षण विभागका इमबहादुर क्षेत्री, कुबेर थापा र रन्जना शर्मा तथा वित्त कम्पनी सुपरिवेक्षण विभागका ताराप्रसाद ओझा IMF-SARTTAC ले India मा April 9 देखि 13 सम्म आयोजना गरेको Core Elements of Banking Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू कानुन महाशाखाका नवराज गौतम, लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका जुद्धमान श्रेष्ठ, सामान्य सेवा विभागका हरिप्रसाद पुडासैनी, आन्तरिक लेखापरीक्षण विभागका पुष्पराज आचार्य र बैंकिङ कार्यालयका ज्ञानेन्द्र देउजा CBSL ले Srilanka मा April 10 देखि 11 सम्म आयोजना गरेको Mitigating Organizational Fraud and Forensic Auditing सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

नेपालगञ्ज कार्यालयका सहायक निर्देशक सुशिल बिजुक्छे China Government ले China मा April 10 देखि 30 सम्म आयोजना गरेको Construction of Cross-Boarder Economic Cooporation विषयक Seminar मा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका सहायक निर्देशकहरू राजभाइ शाक्य र कुमार राउत CIMB Bank ले Singapore मा April 8 देखि 10 सम्म आयोजना गरेको Wholesale Banknotes Operations & Counterfeit Detection सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक राजनप्रसाद अधिकारी ISCB ले Turkey मा April 16 देखि 19 सम्म आयोजना गरेको Internal Audit Practices at Central Banks विषयक Seminar मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू सिद्धार्थनगर कार्यालयका गेदा पंगेनी, विकास बैंक सुपरिवेक्षण विभागका विष्णुप्रसाद नराल, वित्त कम्पनी सुपरिवेक्षण विभागका सविन थापा र नेपालगञ्ज कार्यालयका समिरकुमार सिंह SEACEN ले Philippines मा April 16 देखि 20 सम्म आयोजना गरेको Undertaking Effective Supervisory Review & Evalution Process सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो ।

# अनिवार्य अवकाश

बैंकमा ३० वर्ष सेवा गरिसक्नु भएका कार्यकारी निर्देशकहरू वित्त व्यवस्थापन विभागका डा. गोपालप्रसाद भट्ट, वित्त कम्पनी सुपरिवेक्षण विभागका बासुदेव अधिकारी, विदेशी विनिमय व्यवस्थापन विभागका रमेशकुमार पोखरेल तथा सामान्य सेवा विभागका एजिन्द्रप्रसाद लुइँटेलले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) मा भएको व्यवस्था बमोजिम बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नु भएको छ ।

सोही व्यवस्था बमोजिम निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका रमण नेपाल, राष्ट्र ऋण व्यवस्थापन विभागका सीता घिमिरे, विकास बैंक सुपरिवेक्षण विभागका विनोदकुमार तण्डुकार, सामान्य सेवा विभागका कृष्णमुरारी घिमिरे, आन्तरिक लेखापरीक्षण विभागका रमेशराज सिग्देल, बैंकर्श प्रशिक्षण केन्द्रका उद्धवलाल रञ्जितकार तथा भुक्तानी प्रणाली विभागका केदारप्रसाद आचार्यले पनि बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नु भएको छ ।

यसै गरी लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक भानुभक्त जोशी, राष्ट्र ऋण व्यवस्थापन विभागका उपनिर्देशक हिरादेवी विष्ट, विराटनगर कार्यालयका सहायक निर्देशक योगेन्द्र डाँगी, सामान्य सेवा विभागका सहायक निर्देशकहरू (चालक) विष्णुवहादुर मगर, दीपकप्रसाद पन्त र गोपीकृष्ण भण्डारी, वीरगञ्ज कार्यालयका सहायक निर्देशक (चालक) मेषबहादुर पाखिन, पोखरा कार्यालयका प्रधान सहायक रामजीप्रसाद पौडेल तथा कार्यालय सहयोगी प्रथम यज्ञप्रसाद जोजिजु, नेपालगञ्ज कार्यालयका कार्यालय सहयोगी प्रथम रामचन्द्र बाल्मिकी र बैंकिङ कार्यालयका कार्यालय सहयोगी प्रथम भावना महर्जनले पनि ३० वर्ष सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नु भएको छ ।

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

सम्पादक
सुरेश पन्त

सम्पादन सहयोगी
रामकाजी खाइजू
समिता श्रेष्ठ
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४२६७५१८, ४२६८११६